# नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
## विद्युत विकास विभाग
### सानोगौचरण, काठमाडौं

## सुनकोसी-२ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**प्रकाशित मिति २०७८/०४/०६**

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभागबाट प्रस्तावित जलाशयमा आधारित सुनकोसी-२ जलविद्युत आयोजना (९७८ मेगावाट) वागमती प्रदेशको सिन्धुली, काभ्रेपलान्चोक र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोसी नदीमा प्रस्ताव गरिएको छ। आयोजनाका लागि ३९५ मिटर लामो र १६८ मिटर अग्लो बाँध रामेछाप नगरपालिका वडा नम्बर ५ र गोलन्जोर गाउँपालिका वडा नम्बर १ को सिमाना च्याकुटारमा प्रस्ताव गरिएको छ। यसका लागि १.२ कि.मि. लामो र १० मि. व्यास भएको सुरुङ्ग मार्गबाट सिन्धुली जिल्लाको च्याकुटारमा विद्युतगृहको प्रस्ताव गरिएको छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम आयोजना कार्यान्वयन/प्रभावित हुने गाउँपालिका वा नगरपालिकामा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन तयारीका सिलसिलामा प्रस्तावको कार्यन्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा राय/सुझाब लिनको लागि तपसिलको मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ। सार्वजनिक सुनुवाईमा उठेका वातावरणसँग सम्बन्धित विषयहरु वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिने हुँदा उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आफ्नो राय/सुझाब दिनुहुन सरोकारवाला सबै व्यक्ति तथा संस्थाहरुलाई हार्दिक आमन्त्रण गर्दछौं।

**सार्वजनिक सुनुवाईको तालिका**

| मिति | समय | प्रस्तावित गा.पा./न.पा र वडाहरु | स्थान |
|---|---|---|---|
| २०७८ साउन १२ | बिहान ११ बजे | तेमाल गा.पा.- ९ | भण्डारी बेसी (बुद्ध किरण नि.मा.वि., परिसर), तेमाल गा.पा.-९, काभ्रेपलान्चोक। |
| २०७८ साउन १३ | बिहान ११ बजे | सुनकोसी गा.पा.- १, २, ३, ४, ५, ६ र ७ | रामटार (गा.पा. कार्यालय परिसर), सुनकोसी गा.पा.-५, सिन्धु। |
| २०७८ साउन १४ | बिहान ११ बजे | गोलन्जोर गा.पा.- १, २, ३, ६ र ७ | च्याकुटार (सुनकोसी प्रा.वि., परिसर), गोलन्जोर गा.पा.-१, सिन्धुली। |
| २०७८ साउन १५ | बिहान ११ बजे | रामेछाप न.पा.- ५, ७, ८ र ९ | बिर्ता (कालिका देवी आधारभूत विद्यालय परिसर), रामेछाप न.पा.-७, रामेछाप। |
| २०७८ साउन १६ | बिहान ११ बजे | लिखु तामाकोसी गा.पा.- ७ | हलेदे बेसी (भत्केको चौतारो), लिखु तामाकोसी गा.पा.-७, रामेछाप। |
| २०७८ साउन १७ | बिहान ११ बजे | मन्थली न.पा.- १, २, ६, ७, ८ र ११ | मन्थली बजार (न.पा. कार्यालय परिसर), मन्थली न.पा.-१, रामेछाप। |
| २०७८ साउन १८ | बिहान ११ बजे | खाँडादेवी गा.पा.- १, २, ३ र ४ | रजगाउँ (भीमेश्वर प्रसुन कंडेल स्मृति मा.वि., परिसर), खाँडादेवी गा.पा.-४, रामेछाप। |


**आयोजकः**
उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाडौँ
फोन नम्बर ०१-४५३४११९, फ्याक्स नम्बर ०१-५२४४२५७
Email:info@doed.gov.np